नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(आन्तरिक प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : आ.प्र./०८०/८१
च.नं. : 270

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौं

मिति २०८०।७।१४

**विषयः- सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाइ इन्धन वापत नगद प्रदान गर्ने निर्देशिका सम्वन्धमा ।**

श्रीमान् सदस्य-सचिवज्यू, राष्ट्रिय किसान आयोग, हरिहरभवन ।
श्रीमान् सहसचिवज्यू, योजना तथा विकास स. समन्वय महाशाखा कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृ.तथा प.विकास म.
श्रीमान् सहसचिवज्यू खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् उपसचिवज्यू आर्थिक प्रशासन शाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् उपसचिवज्यू कानून तथा फैसला कार्यान्वयन शाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् प्रमुखज्यू बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू कृषि विभाग, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू, पशु सेवा विभाग, हरिहरभवन ।
श्रीमान् महाप्रवन्धकज्यू, दुग्ध विकास संस्थान, लैनचौर ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, कीर्तिपर ।
श्रीमान् परियोजना प्रमुखज्यु, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, काठमाडौं
श्रीमान् सहसचिवज्यू कृषि विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू प्रशासन महाशाखा, कृ.तथा प. वकिास म. ।
श्रीमान् सहसचिवज्यू पशुपंक्षी तथा मत्स्य विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशु स्वास्थ्य महाशाखा, कृ.तथा प. विकास म.
श्रीमान् उपसचिवज्यू कृषि कर्मचारी प्रशासन शाखा, कृ.तथा प. विकास म.
श्रीमान् प्रमुखज्यू, प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन ।
श्रीमान् प्रमुखज्यू कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बवरमहल ।
श्रीमान् कार्यकारी निर्देशकज्यू नेपाल कृषि अनुसन्धान परिषद, सिंहदरवार प्लाजा ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय दुग्ध विकास वोर्ड, पुल्चोक ।
श्रीमान् प्रवन्धक सञ्चालकज्यू कृषि सामग्री कम्पनी लिमिटेड, टेकू ।
श्रीमान् कार्यक्रम संयोजक, कृषि क्षेत्र विकास कार्यक्रम, सुर्खेत ।
श्रीमान् आयोजना प्रमुखज्यू NLSIP हरिहरभवन
श्रीमान् आयोजना निर्देशक, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशकको कार्यालय, हरिहरभवन ।
श्रीमान् आयोजना प्रमुखज्यू, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, हरिहरभवन ।
श्रीमान् कार्यकारी निर्देशकज्यू कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति, कालीमाटी ।

अर्थ मन्त्रालयको च.न.२२५ मिति २०८०/६/२९ को पत्रसाथ नेपाल सरकार मन्त्रिपरिषद्को वै.स.३३/०८० बाट मिति २०८०/६/१६ मा **"सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने निर्देशिका, २०८०"** स्वीकृति भएको हुँदा आवश्यक कार्यान्यनको लागि यस मन्त्रालयमा प्राप्त भएको हुँदा उक्त निर्देशिका यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यान्वयनको लागि तहाँ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गणेश बहादुर कट्टेल)
शाखा अधिकृत

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू (कृषि विकास),
श्रीमान् सचिवज्यू (पशुपन्छी विकास),
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- बजेट प्रशासन
च. नं.:- २०८०/८१-१९३

मितिः२०८०/०६/२९

विषयः सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका सम्बन्धमा।

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को बै.स. ३३/०८० बाट मिति २०८०/०६/१६ मा "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" स्वीकृत भएको हुँदा आवश्यक कार्यान्वयनको लागि उक्त निर्देशिका थान-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(राम कुमार श्रेष्ठ)
शाखा अधिकृत

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
दर्ता नं.: ५८३
मिति : २०८०।०६।०९

# सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

नेपाल सरकारबाट स्वीकृत मितिः
२०८०/ /

प्रस्तावनाः सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत रकम प्रदान गरी इन्धन खर्चमा मितव्ययिता अपनाई सुशासन कायम गर्न,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालयलगायतका केन्द्रीयस्तरका निकायमा कार्यरत नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सवारी साधनको सुविधा प्राप्त गर्ने कर्मचारी कार्यरत रहेका कार्यालय सम्झनुपर्छ।

३. इन्धन सुविधाः कार्यालयले सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीमध्ये राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई मासिक एकसय पच्चिस लिटर तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई मासिक एकसय लिटर इन्धन र त्रैमासिक रूपमा पाँच लिटर मोबिल/ब्रेकआयलको सुविधा उपलब्ध गराउनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

४. इन्धन बापत रकम उपलब्ध गराउने: (१) दफा ३ बमोजिमको इन्धनबापत सम्बन्धित कर्मचारीलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम मासिक रूपमा र मोबिल तथा ब्रेकआयल बापतको रकम त्रैमासिक रूपमा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट प्रत्येक महिनाको एकगतेको लागि कायम भएको इन्धनको बजार मूल्यको आधारमा सो बराबर हुने गरी हिसाब गरेर उपलब्ध गराउनेछ।

(३) यस दफाबमोजिम इन्धन बापत भुक्तानी भएको रकमको कुनै बिलबिजक पेश गर्नुपर्ने छैन।

५. रकम भुक्तानी: यस निर्देशिकाबमोजिम प्रदान गरिने इन्धन बापतको रकम मासिक रूपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ।

६. इन्धन सुविधा उपलब्ध नहुने: (१) यस निर्देशिकाबमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भई बिदामा रहेको वा प्रचलित कानूनबमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन बापत पाउने सुविधा उपलब्ध गराइनेछैन।

(२) यस निर्देशिकाबमोजिम इन्धनबापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन।

७. इन्धनसम्बन्धी थप सुविधा: (१) इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाट सवारी साधन र इन्धनको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रमबाट सवारी साधन तथा इन्धन उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भएबमोजिमको इन्धन तथा सवारी साधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

८. यसै निर्देशिकाबमोजिम हुने: (१) कार्यालयबाट कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धी सबै व्यवस्था यसै निर्देशिकाबमोजिम हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई प्रचलित कानूनमा सवारी साधनको सुविधा प्रयोग गरेबापत दिइने सवारी मर्मत तथा सवारी चालक सुविधा सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोहीबमोजिम हुनेछ।

९. <u>विद्युतीय सवारी साधनको प्रयोग</u>: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा यस निर्देशिकाबमोजिम इन्धन बापत उपलब्ध गराइने रकमको आधा रकम प्रदान गरिनेछ।

१०. <u>इन्धन बापतको रकममा कर लाग्ने</u>: इन्धनबापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानूनबमोजिम कर लाग्नेछ।

११. <u>दुरुपयोग गर्न नहुने</u>: (१) यस निर्देशिका बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धनबापतको सुविधा लिन पाइने छैन।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम असुल उपर नगर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेछ।

१२. <u>मार्गदर्शनको रूपमा लिन सक्ने</u>: प्रदेश सरकारले र नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्थाले यस निर्देशिकाको व्यवस्थालाई मार्गदर्शनको रूपमा लिई कार्यान्वयन गर्न सक्नेछन्।

१३. <u>बाधा अड्काउ फुकाउने</u>: यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा अर्थ मन्त्रालयले जुनसुकैबखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)